# गण्डकी प्रदेशको आर्थिक सामाजिक सूचाङ्क सहितको वस्तुगत विवरण

## अन्तिम प्रतिवेदन

**प्रदेश नीति तथा योजना आयोग**

गण्डकी प्रदेश, पोखरा, नेपाल

२०८०

# विषय सुची

परिच्छेद एकः प्रारम्भिक ........................................................................ १
१.१ परिचय ........................................................................ १
१.२ उद्देश्य ........................................................................ २
१.३ विधी एवम सिमा ........................................................................ २
परिच्छेद दुईः मुख्य उपलब्धीहरू ........................................................................ ३
२.१ जनसाँख्यिक विवरण ........................................................................ ३
२.२ शैक्षिक विवरण ........................................................................ ७
२.३ स्वास्थ्य सम्बन्धी विवरण ........................................................................ ९
२.४ सामाजिक एवम मानव विकास ........................................................................ १०
२.५ उद्योग वाणिज्य र रोजगार ........................................................................ १२
२.६ पूर्वाधार, यातायात र सञ्चार ........................................................................ १३
२.७ जलस्रोत, उर्जा र खानेपानी ........................................................................ १५
२.८ कृषि र वन ........................................................................ १६
२.९ आर्थिक विवरण ........................................................................ १७
अनुसूचि एकः तालिकाहरू ........................................................................ २०
अनुसूचि दुईः मस्यौदा प्रतिवेदन छलफलका तस्बिरहरु ........................................................................ ३०

# परिच्छेद एकः प्रारम्भिक

तथ्यगत सूचनाहरू हरेक किसिमका नीतिगत निर्णय अथवा योजना तर्जुमाका आधारहरू हुन। हरेक तहका सरकारहरू एवम विकासको क्षेत्रमा कृयाशिल संघसंस्थाहरू एवम अध्येताहरूका लागि अपरिहार्य आधारभुत तहको सूचनाको स्रोत सम्बन्धित क्षेत्रसंग सम्बन्धित वस्तुगत विवरणहरू हुन। त्यसो भएको हुनाले गण्डकी प्रदेशसंग सम्बन्धित उपलब्ध सूचनाहरू समावेश गरी आर्थिक सामाजिक सुचक सहितको वस्तुगत विवरण तयार पारिएको छ।

## १.१ परिचय

नेपालको कूल भूभागको १४.६७ प्रतिशत अर्थात् २१,९७४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको गण्डकी प्रदेशमा ११ वटा जिल्ला, १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी ८५ वटा स्थानीय तह छन। विस २०७८ को जनगणना अनुसार गण्डकी प्रदेशमा कूल जनसंख्या २४ लाख ७९ हजार ७४५ रहेको छ। यो नेपालको कुल जनसंख्याको ८.४९ प्रतिशत हुन आउंछ। प्रदेशको लैङ्गिक अनुपात ९०.८५ रहेको छ। भाषा भाषिका हिसावले धनि मानिएको यो प्रदेशमा विभिन्न ५० वटा भाषाहरू बोलिन्छन (गण्डकी प्रदेश स्थिति पत्र (२०७५))। उच्च हिमाली क्षेत्रदेखि तराईको समथर भूभाग समेत समेटिएको गण्डकी प्रदेशमा नेपालमा पाईने सबै प्रकारको हावापानी उपलब्ध छ। नेपालमा सवैभन्दा धेरै पानी पर्ने (लुम्ले र सो आसपासको क्षेत्र) र सबभन्दा कम पानी पर्ने स्थान (उपल्लो मुस्ताङ) पनि यहि प्रदेशमा पर्दछन।

विश्वका आठ हजार मिटरभन्दा अग्ला आठ वटा हिमालहरू मध्ये तीन वटा हिमालहरू (धौलागिरी, अन्नपूर्ण र मनास्लु) यसै प्रदेशमा पर्दछन्। यसका साथै विश्वकै सवभन्दा गहिरो गल्छी (अन्ध गल्छी), अनि नेपालकै एकमात्र शिकार आरक्ष (ढोरपाटन शिकार आरक्ष) पनि यही प्रदेशमा पर्दछ। यहाँको कूल भू-भागको ३७.८ प्रतिशत क्षेत्र प्राकृतिक वन र ९.६ प्रतिशत क्षेत्र बुट्यानले ढाकेको छ। कुल वन क्षेत्र मध्ये २९ प्रतिशत क्षेत्र ३,८४४ वटा सामुदायिक वन उपभोक्ता समूह मार्फत् संरक्षण गरिएको छ (क्षेत्रीय वन निर्देशनालय, २०७४)। नेपालकै सबभन्दा ठूलो संरक्षित क्षेत्र अन्नपूर्ण संरक्षण क्षेत्र (७,६२९ वर्ग कि.मि.) यही प्रदेशमा पर्दछ। गण्डकी प्रदेशभित्र अन्य संरक्षित पार्क, वन र संरक्षित क्षेत्रहरू जस्तैः विश्व शान्ति जैविक विविधता पार्क (१.६५ वर्ग कि.मि.), पञ्चासे संरक्षित वन (५७.७६ वर्ग कि.मि.), मनास्लु संरक्षण क्षेत्र (१,६६३ वर्ग कि.मि.), ढोरपाटन शिकार आरक्ष (५,०११ वर्ग कि.मि.), र चितवन राष्ट्रिय निकुञ्ज नवलपुर खण्ड (९५.८५ वर्ग कि.मि.) रहेका छन् (क्षेत्रीय वन निर्देशनालय, २०७४)।

गण्डकी प्रदेश जैविक विविधता र जडिबुटीका हिसाबले सम्पन्न छ। क्षेत्रीय वन कार्यालय पोखराको वि.सं. २०७४ को प्रतिवेदनमा आधारित गण्डकी प्रदेशको पर्यटन गुरुयोजनामा समावेश भएका तथ्यअनुसार गण्डकी प्रदेशमा रहेका ६ वटा संरक्षित क्षेत्र, पार्क र शिकार आरक्ष र निकुञ्ज क्षेत्रहरूमा कूल ९३८ प्रजातिका वनस्पति, १०५ प्रजातीका वन्यजन्तु, १०७ प्रजातिका जडिबुटी, ५४५ प्रजातिका पन्छी, ४७ प्रजातिका सरिसृप

र २६ प्रजातिका माछाहरू पाईन्छन्। पूर्वीय र पश्चिमी वानस्पतिक क्षेत्रको सङ्गमस्थल र तराईदेखि हिमालसम्मको हावापानी पाईने भएकाले यो प्रदेश जडिबुटीहरूको उपलब्धताका हिसाबले पनि सम्पन्न प्रदेशको रूपमा चिनिन्छ। यस्तैगरी, यस प्रदेशमा फलाम, तामा, जस्ता, सिसा, डोलोमाईट, युरेनियम, अभ्रख, पाईराईट र प्राकितक ग्याँस आदि खनिज र खानीजन्य पदार्थहरू पनि पाईन्छन (गण्डकी प्रदेश स्थिति पत्र, २०७५)।

यसै पृष्ठभूमिमा गण्डकी प्रदेशको विकाससँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरूलाई विभिन्न विषय क्षेत्रगत नीति तथा योजनाहरू निर्माणमा सहयोग पुर्याई प्रदेशको आर्थिक सामाजिक विकासमा योगदान पुर्याउने उद्देश्यले प्रादेशिक वस्तुगत विवरण तयार पारिएको हो।

## १.२ उद्देश्य

विभिन्न विषयगत क्षेत्र जस्तैः शिक्षा, स्वास्थ्य र सरसफाई, रोजगारी, पर्यटन, उद्दम विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, कृषि, सडक, वन तथा वातावरण, जलवायु परिवर्तन, र विपद जोखिम आदि संग सम्बन्धित तथ्यहरू सङ्कलन र विश्लेषण गरी आर्थिक तथा सामाजिक विकाससँग सम्बन्धित सुचाङ्कहरू लिपिवद्ध गरी गण्डकी प्रदेशको वस्तुगत विवरण तयार पार्नु यस कार्यको मुख्य उद्देश्य हो।

## १.३ विधी एवम सिमा

गण्डकी प्रदेशको आर्थिक सामाजिक सुचक सहितको web base वस्तुगत विवरण तयार गर्नका लागि आवश्यक सूचनाहरू मुलत द्धितीय स्रोतबाट सङ्कलन गरिएको छ। यसप्रकार प्रादेशिक वस्तुगत विवरण तयारी कार्य निम्नानुसार सम्पन्न गरिएको हो:


- केन्द्रिय तथ्याङ्क विभाग, नेपाल सरकारका मन्त्रालय, विभाग लगायत विभिन्न तहका कार्यालय, प्रदेश सरकार, स्थानीय तहहरू, अनुसन्धानमुलक निकायहरू जस्तैः विश्वविद्यालय, क्याम्पसहरू, प्रशिक्षण प्रतिष्ठानहरू लगायत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूमा उपलब्ध विश्वसनीय तथ्यहरू सङ्कलन र विश्लेषण।
- गण्डकी प्रदेशको मुख्यमन्त्रि तथा परिषदको कार्यालय, प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला मन्त्रालय, लगायतका प्रदेश मन्त्रालय एवम विभाग/निर्देशनालयहरूसँग आवश्यकता अनुसार छलफल र अन्तरकृया।
- वस्तुगत विवरणको मस्यौदा तयार भए पछि प्रदेश नीति तथा योजना आयोगमा प्रस्तुती र छलफल गरिएको थियो। उक्त छलफल बाट प्राप्त सुझावहरूलाई समावेश गरी अन्तिम दस्तावेज तयार पारिएको हो।

## परिच्छेद दुईः मुख्य उपलब्धीहरू

वस्तुगत विवरण तयारिको क्रममा प्राप्त भएका सूचनाहरूलाई विषय क्षेत्रअनुसार विभिन्न उपखण्डहरूमा विभाजन गरी तलका खण्डहरूमा प्रस्तुत गरिएको छ।

### २.१ जनसाँख्यिक विवरण


**गण्डकी प्रदेशका जिल्लाहरूमा घरधुरी सँख्या**




*श्रोतः राष्ट्रिय जनगणना २०७८*

घरधुरी संख्याका हिसावले गण्डकी प्रदेशमा कास्की जिल्लानै अग्रणी देखिएको छ। कास्कीमा कुल घरधुरी १६०,६५१ रहेको छ भने दोस्रो स्थानमा रहेको नवलपरासी (वर्दघाट पुर्व) मा ९३,९२५ घरधुरी रहेका छन्। सबभन्दा कम घरधुरी मनाङ जिल्लामा जम्मा १५७२ रहेका छन।


**गण्डकी प्रदेशको ग्रामीण शहरी जनसँख्या विवरण**




*श्रोतः राष्ट्रिय जनगणना २०७८*

पछिल्लो पटक वि.स. २०७८ मा सम्पन्न राष्ट्रिय जनगणना अनुसार शहरी जनसँख्याको आकार नेपालमा व्हात्तै वढेको छ। खासगरी नगरपालिकाहरूको संख्या वढ्न जाँदा शहरी जनसंख्या वढ्न गएको हो। गण्डकी प्रदेशमा पनि ग्रामीण जनसँख्याको तुलनामा शहरी जनसंख्या अत्यधिक धेरै छ। चित्र अनुसार करिव दोव्वर अर्थात १६,२९,४५५ शहरी जनसंख्या छ भने ८,५०,२९० ग्रामीण जनसँख्या रहेको छ।


**जनसँख्या वृद्धिदर (%) ऋणात्मक भएका जिल्लाहरू**




***श्रोतः** राष्ट्रिय जनगणना २०७८*

विस २०७८ को जनगणना अनुसार अधिकाँश पहाडी जिल्लाहरूको जनसँख्या ऋणात्मक भएझैं गण्डकी प्रदेशका ११ जिल्लाहरू मध्ये ८ वटा जिल्लाहरू (तनहुँ, म्याग्दी, वाग्लुङ, गोरखा, लमजुङ, पर्वत, स्याङ्जा, र मनाङ) को जनसंख्या ऋणात्मक छ। उपरोक्त जिल्लाहरू मध्ये तनहुँमा सबभन्दा कम र मनाङमा सवैभन्दा धेरै दरमा जनसंख्या घट्दो क्रममा रहेको देखिन्छ।


**जनसँख्या वृद्धिदर (%) धनात्मक भएका जिल्लाहरू**




**श्रोतः** राष्ट्रिय जनगणना २०७८

गण्डकी प्रदेशमा जनसँख्या वृद्धिदर धनात्मक भएका जिल्लाहरू तीनवटा मात्र रहेका छन। जसअनुसार कास्कीमा जनसंख्या वृद्धिदर सबभन्दा धेरै अर्थात १.९० प्रतिशत छ भने नवलपरासी (वर्दघाट पुर्व) मा जनसँख्या वृद्धिदर १.८६ प्रतिशत छ। उता हिमाली जिल्ला मुस्ताङमा पनि ०.६९ प्रतिशतले जनसंख्या वृद्धी भएको छ।


**गण्डकी प्रदेशका जिल्लाहरूको जनसाँख्यिक अवस्था (पुरुष एवम महिला)**




***श्रोतः** राष्ट्रिय जनगणना २०७८*

वि.स. २०७८ को जनगणना अनुसार गण्डकी प्रदेशमा सबभन्दा धेरै जनसँख्या भएको जिल्ला कास्की रहेको छ भने दोस्रो स्थानमा नवलपरासी (वर्दघाट पुर्व) पर्दछ। कास्कीको जनसँख्या ६००,०५१ (पुरूष २९२,८२५ र महिला ३०७,२२६) छ भने नवलपरासी (वर्दघाट पुर्व) मा २७८,०७९ जना (पुरूष १७८,०७५ र महिला २००,००४) को वसोवास रहेको छ। त्यस्तैगरी सबभन्दा कम जनसँख्या मनाङ जिल्लामा रहेको छ।


### गण्डकी प्रदेशका जिल्लाहरूमा लैंगिक अनुपात




*श्रोतः राष्ट्रिय जनगणना २०७८*

गण्डकी प्रदेशमा सबभन्दा धेरै लैङ्गिक अनुपात भएको जिल्ला मनाङ हो जसलाई मुस्ताङले पछ्याई रहेको छ। मनाङ जिल्लामा लैङ्गिक अनुपात १२९.४४ छ भने मुस्ताङमा १२१.७२ रहेको छ। त्यस्तैगरी, सबभन्दा कम लैङ्गिक अनुपात स्याङ्जा जिल्लामा रहेको छ। स्याङ्जामा लैङ्गिक अनुपात ८५.५७ रहेको छ।


### जिल्ला अनुसार परिवारको औसत आकार




*श्रोतः राष्ट्रिय जनगणना २०७८*

परिवारको औसता आकार अनुसार नवलपरासी (वर्दघाट पुर्व) अग्रणी देखिन्छ जसलाई मुस्ताङ जिल्लाले पछ्याई रहेको छ। नवलपरासी (वर्दघाट पुर्व) मा परिवारको परिवारको औसत आकार ४ छ भने मुस्ताङमा ३.८९ रहेको छ। सबभन्दा कम लमजुङ जिल्लामा ३.४२ रहेको छ।

### जिल्ला अनुसार गण्डकी प्रदेशमा जनघनत्व





*श्रोतः राष्ट्रिय जनगणना २०७८*

जनघनत्वको हिसावमा गण्डकी प्रदेशमा कास्की जिल्लानै अग्रणी छ भने पर्वत र नवलपरासी (वर्दघाट पुर्व) समान आँकडाका साथ दोस्रो स्थानमा छन। कास्कीमा २९८ र पर्वत एवम नवलपरासी (वर्दघाट पुर्व) मा २६५ जनघनत्व रहेको छ। त्यस्तैगरी, सबभन्दा कम जनघनत्व रहेको मनाङमा जम्मा ३ रहेको छ।

## २.२ शैक्षिक विवरण


### गण्डकी प्रदेशका विभिन्न तहका विद्यालयहरूको सँख्या




*श्रोतः शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय २०७८*

गण्डकी प्रदेशमा विभिन्न तहका विद्यालयहरूको अवस्था हेर्दा आधारभुत तह अर्थात १-५ र १–८ का विद्यालयहरूको सँख्या विस्तारै कम हुँदै गएको देखिन्छ भने अन्य तहका विद्यालयको सँख्या करिव करिव उस्तै रहेको छ।


**विद्यार्थी भर्नाको विवरण**




*श्रोत: गण्डकी प्रदेशको आर्थिक सर्भेक्षण ०७८/७९*

गण्डकी प्रदेशमा विद्यार्थी भर्नाको अवस्था आधारभुत तह १-५ एवम ६-८मा छात्रको सँख्या केहि वढि छ भने आधारभुत तह १-८ मा भने छात्राको संख्या अत्यधिक वढि रहेको छ। त्यस्तैगरी माध्यमिक तहहरूमा भने करिव करिव वरावरको अवस्था छ।

**सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको सँख्या**





*श्रोत: गण्डकी प्रदेशको आर्थिक सर्भेक्षण ०७८/७९*

गण्डकी प्रदेशमा सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको सँख्याको तुलनात्मक विश्लेषण अनुसार आ.व. ०७४/७५ मा राहात शिक्षकको संख्या अत्यधिक धेरै रहेको थियो। त्यस्तैगरी अस्थायी शिक्षकको संख्या पनि धेरै थियो। तर आ.व. ०७८/७९ सम्म आईपुग्दा राहत शिक्षकको संख्या व्हात्तै घटेको छ भने स्थायी शिक्षकको संख्यामा वढोत्तरी आएको छ।

## २.३ स्वास्थ्य सम्बन्धी विवरण


**कोभिड १९ सँक्रमणको अवस्था (२०७९ कार्तिक मसान्त सम्म)**




*श्रोत: गण्डकी प्रदेशको आर्थिक सामाजिक विवरण २०७८*

गण्डकी प्रदेशमा २०७९ कार्तिक मसान्तसम्म कूल ३६९,७८४ व्यक्तिहरूको कोभिड परीक्षण गरिएको थियो। जस अनुसार कुल सँक्रमित ९४,९५९ थिए। त्यस्तैगरी कोभिडका कारण यस प्रदेशमा हालसम्म १४३३ जनाको मृत्यु भएको छ।

**गण्डकी प्रदेशका जिल्लाहरूमा स्वास्थ्य विमाको अवस्था**





*श्रोत: गण्डकी प्रदेशको आर्थिक सामाजिक विवरण २०७८*

गण्डकी प्रदेशको आर्थिक सामाजिक विवरण २०७८ अनुसार यहाँका ११ वटा जिल्लाहरू मध्ये सवभन्दा वढि स्वास्थ्य विमा गराउने परिवार कास्की जिल्लामा (१६३,४९८ परिवार) रहेका छन भने कास्कीलाई नवलपुर जिल्लाले कुल ९५३५८ परिवार सहित पछ्याई रहेको देखिन्छ। तर संख्याका हिसावले स्वास्थ्य विमा गराउने सवभन्दा कम परिवार मनाङ जिल्लामा रहेका छन।

## २.४ सामाजिक एवम मानव विकास


**लैङ्गिक असमानता सुचाङ्कमा गण्डकी प्रदेश लगायत अन्य प्रदेशहरू**




*श्रोत: नेपाल मानव विकास प्रतिवेदन २०२० (यूएनडिपी)*

प्रदेशहरू बीचको लैङ्गिक असमानताको अवस्था तुलना गर्दा सवभन्दा धेरै असमानता कर्णाली प्रदेशमा भएको देखिन्छ जसलाई सुदुर पश्चिम प्रदेशले पछ्याई रहेको छ। लैङ्गिकताका हिसावले वागमती प्रदेश सबभन्दा अगाडि देखिन्छ जसलाई थोरै मात्र फरकमा गण्डकी प्रदेशले पछ्याई रहेको छ।


**गण्डकी प्रदेश लगायत अन्य प्रदेशहरूमा रोजगारीको स्थिती (२०१७ - २०१८)**




*श्रोतः नेपाल मानव विकास प्रतिवेदन २०२० (यूएनडिपी)*

प्रदेशहरूमा रोजागरी उपलब्धताको तथ्याङ्क केलाउँदा वागमती प्रदेशमा सबभन्दा धेरै रोजगारी उपलब्ध भएको देखिन्छ भने दोस्रो स्थानमा प्रदेश एक (कोशि प्रदेश) रहेको छ। त्यस्तैगरी तेस्रो स्थानमा वरावर अङ्कका साथ लुम्बिनी र गण्डकी प्रदेश रहेका छन। सबभन्दा कम रोजगारी सुदुर पश्चिम प्रदेशमा रहेको देखिन्छ।

**औसत आयुमा गण्डकी प्रदेश लगायत अन्य प्रदेशहरू**





*श्रोतः नेपाल मानव विकास प्रतिवेदन २०१९ (यूएनडिपी)*

मानव विकासको एक सुचकको रुपमा रहेको औसत आयुमा अन्य प्रदेशहरूको तुलनामा गण्डकी प्रदेश अग्रणी देखिन्छ। दोस्रो स्थानमा वागमती प्रदेश रहेको छ। गण्डकीको औसत आयु ७३.२७ वर्ष रहेको छ भने वागमतीको ७२.०१ वर्ष।

## २.५ उद्योग वाणिज्य र रोजगार


**विभिन्न व्यवसायिक सैंस्थाहरू र तिनले सृजना गरेको रोजगारी**




*श्रोतः केन्द्रिय तथ्याँक विभाग, २०७५ (आर्थिक गणना)*

गण्डकी प्रदेशमा रोजगारी प्रदान गर्नमा भूमिका खेलेका विभिन्न क्षेत्रहरूमध्ये सबैभन्दा धैरै योगदान थोक तथा खुद्रा व्यापारको रहेको छ। त्यसपछि आवास तथा भोजन सेवाले रोजगारी प्रदान गरेको देखिन्छ। सवभन्दा कम रोजगारी प्रदान गर्ने क्षेत्रमा वित्तीय तथा विमा क्षेत्र रहेको छ।


**गण्डकी प्रदेशमा काम गर्ने उमेर समुहको जनसँख्या र रोजगारीको अवस्था (हजार)**




*श्रोतः नेपाल श्रमशक्ति सर्भेक्षण, २०१९*

गण्डकी प्रदेशको कामगर्ने उमेर समुहमा पर्ने करिव १८ लाख जनसँख्या मध्ये ६० हजार जति वेरोजगार रहेको तथ्याङ्कले देखाउँदछ।

रोजगारीका लागि विदेशिनेहरूको विवरण





*श्रोत: वैदेशिक रोजगार विभाग २०७९*

गण्डकी प्रदेशबाट रोजगारीका लागि विदेशिने जनशक्तिको संख्या हरेक आर्थिक वर्षमा क्रमशः वढिरहेको छ। कोभिडका कारण आ.व. ०७७/७८ मा केहि कमि देखिए पनि त्यसपछिका वर्षमा रोजगारीका लागि विदेशिनेको संख्यामा उल्लेख्य वृद्धि भएको छ।

## २.६ पूर्वाधार, यातायात र सञ्चार


स्थानीय सडकहरूको लम्वाई (किलोमिटर)




*श्रोत: गण्डकी प्रदेशको आर्थिक सर्भेक्षण ०७८/७९*

गण्डकी प्रदेशका जिल्लाहरूमा भएको सडक विस्तारको अवस्था अनुसार सबै प्रकारका सडकहरूको कुल लम्वाईलाई हेर्दा कास्की जिल्ला सवभन्दा अग्रणी देखिन्छ तर कालोपत्रे गरिएको सडकलाई आधार मान्दा नवलपुरमा सवैभन्दा वढि अर्थात ४११ कि.मि. सडक कालोपत्रे भएको छ। तर कच्चि सडक विकासको अवस्था हेर्दा कास्की जिल्लालाई पर्वतले करिव ८८१ कि.मि. सहित पछ्याएको देखिन्छ।

**ल्याण्डलाईन, फाईवर तथा एडिएसएल सेवा लिनेको सँख्या**





*श्रोत: नेपाल टेलिकम २०७८*

गण्डकी प्रदेशमा दुरसञ्चार सेवा विस्तारको अवस्थालाई विश्लेषण गर्दा कास्की जिल्लामा सवभन्दा धेरै परिवारले त्यो सेवा लिएको देखिन्छ। कास्की जिल्लाको तुलनामा अन्य जिल्लाको अवस्था भने यस मामलामा अति न्युन देखिन्छ। बाँकी जिल्लाहरू मध्ये तनहुँ र नवलपुरमा दुरसञ्चार सेवा अलि वढि विस्तार भएको देखिन्छ।

## २.७ जलस्रोत, उर्जा र खानेपानी


**गण्डकी प्रदेश भएर वग्ने महत्वपूर्ण नदि र जलाधार क्षेत्र**



गण्डकी प्रदेश भएर बग्ने कालीगण्डकी, मोदी, सेति, मादी, मर्स्याङ्दी, दरौंदी, बुढिगण्डकी, नारायणी, र त्रिशुली मध्ये कालीगण्डकी नदि सबभन्दा लामो नदि रहेको छ। कालिगण्डकी नदिको लम्बाई करिब ३८२ कि.मि. रहेको छ। दोस्रो लामो मा १७६ कि.मि. सहित मर्स्याङ्दी नदि पर्दछ। माथि उल्लेखित नदिहरू मध्ये मोदि सबभन्दा छोटो नदि रहेको छ।

## २.८ कृषि र वन


**गण्डकी प्रदेशमा खेति उत्पादन (मेट्रिक टन)**




*श्रोत: भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय २०७९*

गण्डकी प्रदेशमा उत्पादन हुने कृषिजन्य वस्तुहरूमा अन्नवालीकै महत्वपूर्ण अँश रहेको छ। चार आ.व.हरूको तुलना गर्दा विगतका तीन आ.व.हरूमा खाद्यान्न उत्पादन विस्तारै वढ्दै गई आ.व. ०७७/७८ मा १०,७१,८०७ मे.ट. पुगेको थियो तर आ.व. ०७८/७९ मा ९,२१,३१५ मे.ट. मा झरेको छ। खाद्यान्न पछि तरकारी दोस्रो स्थानमा छ भने फलफूलको उत्पादन पनि यस प्रदेशमा विस्तारै वढिरहेको देखिन्छ।

**प्रदेशगत वन क्षेत्रको स्थिती**





*श्रोत: वन तथा वातावरण मन्त्रालय २०७८*

सात वटा प्रदेशहरू मध्ये सबैभन्दा धेरै वनक्षेत्र कर्णालीमा छ भने त्यसलाई सुदुरपश्चिम प्रदेशले पछ्याई रहेको छ। कर्णाली प्रदेशमा कूल ११,८३,४०० हेक्टर र सुदुर पश्चिममा कूल ११,४६,११० हेक्टर वन रहेको छ भने वनक्षेत्रको हिसावले गण्डकी प्रदेश ८,१७,२९० हेक्टर सहित छैठौं स्थानमा देखिन्छ। सबभन्दा कम वनक्षेत्र मधेश प्रदेशमा रहेको छ।


## २.९ आर्थिक विवरण

**क्षेत्रगत ग्राहस्थ्य उत्पादन**





*श्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा*


गण्डकी प्रदेशको कुल ग्राह्स्थ्य उत्पादनमा अन्य दुई क्षेत्रको तुलनामा सेवा क्षेत्रको योगदान ठुलो रहेको छ। विगत तीन वर्षको अवस्था हेर्दा प्राथमिक क्षेत्रको योगदान विस्तारै वढेको देखिन्छ भने अन्य दुई क्षेत्रको तथ्याङ्कमा उतार चढाव देखिन्छ।





बाँडफाँड वापत प्राप्त हुने चारवटा उल्लेखित शिर्षकहरू मध्य गण्डकी प्रदेशमा मुल्य अभिवृद्धि करले सबैभन्दा ठुलो हिस्सा लिएको देखिन्छ। त्यस्तैगरी, दोस्रोमा अन्तशुल्क र त्यसपछि घरजग्गा रजिष्ट्रेसन वापत प्राप्त हुने रकम रहेको छ।




संघबाट प्रदेशलाई प्राप्त हुने उल्लेखित चार प्रकारका अनुदानहरू मध्ये समानिकरण अनुदानको हिस्सा सबैभन्दा धेरै रहेको छ। दोस्रोमा सशर्त अनुदान, तेस्रोमा समपुरक र अन्तिममा विशेष अनुदान रहेको छ। यसैबिच सबै प्रकारका अनुदान रकमहरू घट्दै गएको पनि देखिन्छ।




बाँडफाँड भई प्राप्त हुने सेवाशुल्क वापतको गण्डकी प्रदेशको आम्दानीमा सवारी साधन करको हिस्सा सबैभन्दा धेरै देखिएको छ। पछिल्ला वर्षहरूमा प्रशासनिक सेवा शुल्क दोस्रो र चालक अनुमति पत्र तेस्रोमा रहेको देखिन्छ।




*श्रोतः गण्डकी प्रदेशको आर्थिक सर्भेक्षण ०७८/७९*

कूल बजेट र खर्च दुवैको आकार हेर्दा गण्डकी प्रदेशमा आधार वर्ष पश्चात क्रमशः वढिरहेको देखिन्छ।

# अनुसूचि एकः तालिकाहरू

तालिका १: गण्डकी प्रदेशको राजश्वका मुख्य स्रोतहरू (रु दश लाख)

| विवरण | ०७५/७६ | | ०७६/७७ | | ०७७/७८ | | ०७८/७९ | |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| बाँडफाँडबाट प्रासहुने घरजग्गा रजिष्ट्रेसन दस्तुर | ५७२.४ | 2.6 | ६९५.९ | 3.11 | ३८६.१ | 2.5 | 712.2 | 4.7 |
| बाँडफाँड भई प्रासहुने मूल्य अभिवृद्धि कर | ३७१२.४ | 16.9 | ५३६९.७ | 24.00 | ३४४९.४ | 22.6 | 3989.7 | 26.2 |
| बाँडफाँड भई प्रासहुने अन्त शुल्क | ११०४.७ | 5.0 | १५२६.९ | 6.82 | ९६६.३ | 6.3 | 1191.3 | 7.8 |
| समानीकरण अनुदान | ७११२.२ | 32.4 | ७११२.६ | 31.79 | ५३३४.५ | 34.9 | 5567.1 | 36.6 |
| सशर्त अनुदान | ६०२४.० | 27.4 | ४८१७. | 21.53 | १९१०.५ | 12.5 | 1288.8 | 8.5 |
| विशेष अनुदान | ८६०.० | 3.9 | ५४०. | 2.41 | ३६०. | 2.4 | 183.0 | 1.2 |
| समपुरक अनुदान | ११११.६ | 5.1 | १४९८.९ | 6.70 | ९९९.३ | 6.5 | 291.2 | 1.9 |
| बाँडफाँड भई प्रासहुने विद्युत रोयल्टी | ०.० | 0.0 | २२८.५ | 1.02 | २३४.२ | 1.5 | 228.5 | 1.5 |
| प्रशासनिक सेवा शुल्क | १९४.२ | 0.9 | ३४०.३ | 1.52 | १९७.४ | 1.3 | 295.7 | 1.9 |
| चालक अनुमति पत्र र सवारी दर्ता | २४९.४ | 1.1 | २४६.६ | 1.10 | २११.३ | 1.4 | 269.2 | 1.8 |
| सवारी साधन कर | १०१६.० | 4.6 | ०. | 0.00 | १२२०.५ | 8.0 | 1197.4 | 7.9 |
| **जम्मा** | **२१९५६.९** | **100.0** | **२२३७६.४** | **100.0** | **१५२६९.५** | **100.0** | **15214.1** | **100.0** |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय गण्डकी, २०७९

तालिका २: गण्डकी प्रदेशमा काम गर्ने उमेर समुहको जनसँख्या र रोजगारीको अवस्था हजार

| देश/प्रदेश | काम गर्ने उमेरको जनसँख्या | रोजगार | वेरोजगार | श्रमशक्तिमा समावेश नभएका | श्रमशक्तिमा समावेश | वेरोजगार दर | रोजगार र जनसँख्या अनुपात | श्रमशक्ती सहभागिता दर |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | २०७४४ | ७०८६ | ९०८ | १२७५० | ७९९४ | 11.4 | 34.2 | 38.5 |
| पुरूष | ९२०८ | 4446 | 511 | 4250 | 4958 | 10.3 | 48.3 | 53.8 |
| महिला | 11537 | 2640 | 397 | 8500 | 3036 | 13.1 | 22.9 | 26.3 |
| गण्डकी | 1868 | 606 | 60 | 1202 | 666 | 9 | 32.5 | 35.7 |
| पुरूष | 770 | 340 | 35 | 395 | 376 | 9.4 | 44.2 | 48.8 |
| महिला | 1098 | 266 | 24 | 807 | 291 | 8.4 | 24.3 | 26.5 |

स्रोतः नेपाल श्रमशक्ति सर्भेक्षण, २०१९

तालिका ३: रोजगारीका लागि विदेशिनेहरूको जिल्लागत विवरण

| जिल्ला | ०७५/७६ | | | ०७६/७७ | | | ०७७/७८ | | | ०७८/७९* | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| गोरखा | 237 | 4774 | 5011 | 427 | 5819 | 6246 | 197 | 2484 | 2681 | 575 | 6894 | 7469 |
| मनाङ | 9 | 15 | 24 | 8 | 26 | 34 | 2 | 7 | 9 | 6 | 17 | 23 |
| लमजुङ | 140 | 4141 | 4281 | 257 | 4716 | 4973 | 110 | 2051 | 2161 | 303 | 5557 | 5860 |
| कास्की | 344 | 6682 | 7026 | 546 | 6440 | 6986 | 223 | 2788 | 3011 | 623 | 7120 | 7743 |
| तनहुँ | 232 | 8735 | 8967 | 355 | 9152 | 9507 | 172 | 4121 | 4293 | 482 | 11324 | 11806 |
| स्याङजा | 210 | 9213 | 9423 | 324 | 8807 | 9131 | 154 | 4738 | 4892 | 462 | 10827 | 11289 |
| मुस्ताङ | 4 | 40 | 44 | 14 | 47 | 61 | 4 | 27 | 31 | 18 | 61 | 79 |
| वागलुङ | 102 | 5892 | 5994 | 149 | 6603 | 6752 | 65 | 3123 | 3188 | 190 | 7352 | 7542 |
| पर्वत | 80 | 3567 | 3647 | 138 | 3718 | 3856 | 68 | 1786 | 1854 | 169 | 4288 | 4457 |
| म्याग्दि | 90 | 2665 | 2755 | 194 | 2980 | 3174 | 75 | 1113 | 1188 | 217 | 3059 | 3276 |
| नवलपुर | 175 | 5346 | 5521 | 366 | 5979 | 6345 | 64 | 1454 | 1518 | 399 | 7288 | 7687 |
| जम्मा | **1623** | **51070** | **52693** | **2778** | **54287** | **57065** | **1134** | **23692** | **24826** | **3444** | **63787** | **67231** |

* प्रथम ९ महिनाको

स्रोतः वैदेशिक रोजगार विभाग, २०७९

तालिका ४: गण्डकी प्रदेशमा मुख्य उद्योगहरूको सँख्या

| उद्योगको प्रकार | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ |
|---|---|---|---|---|---|
| कृषि तथा वनजन्य | ३१ | ३२ | ३१ | ४५ | ४५ |
| उर्जामुलक | ८५ | ९० | १२२ | १२५ | १४० |
| उत्पादनमुलक | ८६ | ५७ | ६२ | १८० | १८३ |
| सेवा | १०७ | ११० | ११३ | १३४ | १३८ |
| पर्यटन | २३३ | २५३ | २६१ | १७३ | २७६ |
| कूल उद्योग | **५४२** | **५४२** | **५८९** | **६५७** | **७८२** |

स्रोतः उद्योग विभाग, २०७९

तालिका ५: गण्डकी प्रदेशमा सञ्चालित विदेशी लगानीका उद्योगहरू

| उद्योगको प्रकार | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ |
|---|---|---|---|---|---|
| साना | २९७ | ३३६ | ३६३ | ३६९ | ३७७ |
| मझौला | १९ | २५ | २९ | २९ | २९ |
| ठुला | २७ | ४३ | ४४ | ४५ | ४६ |
| कूल उद्योग | **३४३** | **४०४** | **४३६** | **४४३** | **४५२** |

स्रोतः उद्योग विभाग, २०७९

Table 6: Use of contraception by the women (15-49 yrs) in percent

| Status | Percent | Modern Method | Traditional method |
|---|---|---|---|
| Using any method | 51.5 | 35.1 | 16.4 |
| Not currently using | 48.5 | 0 | 0 |

Source: Nepal DHS 2022

Table 7: Use of modern contraceptive method by the women (15-49 yrs) in percent

| Method | Percent |
|---|---|
| Female sterilization | 5.4 |
| Male sterilization | 6.3 |
| IUCD | 1.4 |
| Injectables | 6.2 |
| Implants | 6.1 |
| Pill | 5 |
| Male condom | 4.7 |
| **Total** | **35.1** |

Source: Nepal DHS 2022

Table 8: Use of traditional contraceptive method by the women (15-49 yrs) in percent

| Method | Percent |
|---|---|
| Rhythm | 0.5 |
| Withdrawl | 15.9 |
| **Total** | **16.4** |

Source: Nepal DHS 2022

**Table 9: Women who had a live birth and/or a stillbirth in the 2 years**

| Description | Percentage |
|---|---|
| Receiving anternatal care from a skilled person | 96.7 |
| 4+ ANC visits | 84.6 |
| Took any iron-containing supplements during pregnancy | 97.5 |
| Recent live birth was protected against neonatal tetanus | 92.5 |

Source: Nepal DHS 2022

**Table 10: Live births and stillbirths in the 2 years**

| Description | Percentage |
|---|---|
| Delivered by a skilled person | 89.2 |
| Delivered in a health facility | 87.7 |
| Women with a postnatal check during the first 2 days after birth | 76.4 |

Source: Nepal DHS 2022

**Table 11: Childhood vaccinations in Gandaki Province**

| Description | Percentage |
|---|---|
| BCG | 100 |
| Measles rubella 1 | 97.6 |
| Japanese encephalitis | 95.2 |
| Fully vaccinated (basic antigens) | 93.4 |
| Fully vaccinated (according to national schedule) | 79.2 |

Source: Nepal DHS, 2022

**Table 12: Childhood vaccinations (fiPV)**

| Description | Percentage |
|---|---|
| fiPV (1) | 99 |
| fiPV (2) | 98 |

Source: Nepal DHS, 2022

**Table 13: Childhood vaccinations (DPT-HepB-Hib)**

| Description | Percentage |
|---|---|
| DPT-HepB-Hib (1) | 89.2 |
| DPT-HepB-Hib (2) | 87.7 |
| DPT-HepB-Hib (3) | 76.4 |

Source: Nepal DHS, 2022

**Table 14: Childhood vaccinations (Rotavirus)**

| Description | Percentage |
|---|---|
| Rotavirus (1) | 89.8 |
| Rotavirus (2) | 89.8 |

Source: Nepal DHS, 2022

**Table 15: Childhood vaccinations (OPV2)**

| Description | Percentage |
|---|---|
| OPV2 (1) | 100 |
| OPV2 (2) | 100 |
| OPV2 (3) | 96.8 |

Source: Nepal DHS, 2022

**Table 16: Childhood vaccinations (Pneumococcal)**

| Description | Percentage |
|---|---|
| Pneumococcal (1) | 99 |
| Pneumococcal (2) | 99 |
| Pneumococcal (3) | 93.5 |

Source: Nepal DHS, 2022

**Table 17: Prevalance of anemia in children (age 6-59 months) by hemoglobin level**

| Description | Any | Mild | Moderate | Severe |
|---|---|---|---|---|
| **Non-pregnant** | **<12.0 g/dl** | **11.0-11.9 g/dl** | **8.0-10.9 g/dl** | **<8.0 g/dl** |
| **Pregnant** | **<11.0 g/dl** | **10.0-10.9 g/dl** | **7.0-9.9 g/dl** | **<7.0 g/dl** |
| Gandaki overall | 25.1 | 15.8 | 8.9 | 0.4 |
| Urban | 24.1 | 16.1 | 7.5 | 0.6 |
| Rural | 27.4 | 15.1 | 12.3 | 0 |

Source: Nepal DHS 2022

| Table 18: Knowledge of HIV prevention among 15-24 yrs women | | | |
|---|---|---|---|
| **Description** | **Overall** | **Urban** | **Rural** |
| Using condoms | 75.1 | 84.3 | 18.6 |
| Limiting sexual intercourse to one uninfected partner | 74.9 | 82.5 | 19.7 |
| Knowledge about HIV prevention | 75.7 | 89.3 | 15.6 |

Source: Nepal DHS, 2022

| Table 19: Knowledge of HIV prevention among 15-24 yrs men | | | |
|---|---|---|---|
| **Description** | **Overall** | **Urban** | **Rural** |
| Using condoms | 92.2 | 91.5 | 40.4 |
| Limiting sexual intercourse to one uninfected partner | 93.5 | 93.4 | 43.8 |
| Knowledge about HIV prevention | 89 | 87.3 | 32.3 |

Source: Nepal DHS, 2022

तालिका २०: गण्डकी प्रदेशमा खेति गरिएको क्षेत्र र उत्पादन (मेट्रिक टन तथा हेक्टर)

| वालिको प्रकार | ०७५/७६ | | ०७६/७७ | | ०७७/७८ | | ०७८/७९ | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र |
| खाद्यान्न वाली | १०४९४१४ | ३८३११० | १०५३१३७ | ३७७०९० | १०७१८०७ | ४१७३५१ | ९२१३१५ | ३७२४३३ |
| दलहन वाली | १५०९६ | १६०६० | १६९४२ | १५७४५ | १५९६४ | १७१७१ | १४९३४ | १६४२५ |
| तरकारी | ३००९१४ | २३७३३३ | ३०१२२० | २९९८० | २७०८५१ | २४०९७ | ६९९०६ | ५१५२ |
| फलफूल | ८८६९६ | ८३०२ | ७००१२ | ६०६१ | ९९१७३ | ८७५८ | ८२२९० | ८७४९ |

स्रोतः भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय २०७९

तालिका २१: गण्डकी प्रदेशमा दलहनवाली उत्पादन (मेट्रिक टन तथा हेक्टर)

| वालिको प्रकार | ०७५/७६ | | ०७६/७७ | | ०७७/७८ | | ०७८/७९ | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र |
| मास | ५२६६ | ७२०४ | ५१२१ | ५७२१ | ५४२७ | ७४५८ | ४८२१ | ७१५९ |
| मुसुरो | ५१८५ | ४३६० | ५९३८ | ५११० | ५५८९ | ४९६७ | ५४८३ | ४७५६ |
| रहर | १०८ | २१३ | २४६ | ३५१ | २८२ | ३९३ | २५३ | ३७० |
| चना | १३४ | ११३ | २८१ | २५३ | २९८ | २७२ | २६६ | २४१ |
| भटमास | ३३७० | ३१६४ | ४१९३ | ३३७२ | ३३९२ | ३१५१ | ३३०८ | ३०४४ |
| ग्रास पी | १८४ | १७४ | ८५ | ७४ | १७७ | १६८ | १७१ | १६५ |
| गहत | ८४९ | ८३२ | १०७८ | ८६४ | ७९९ | ७६२ | ६३२ | ६९० |

स्रोतः भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय २०७९

तालिका २२: गण्डकी प्रदेशमा तरकारीवाली उत्पादन (मेट्रिक टन तथा हेक्टर)

| तरकारीको प्रकार | ०७५/७६ | | ०७६/७७ | | ०७७/७८ | | ०७८/७९ | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र |
| काउली | २६५६४ | २००५ | २६५२८ | २०१० | २३४०६ | २००९ | २४५५७ | २०२१ |
| बन्दा | २९८७४ | २०१८ | २९५७३ | २०३१ | २४९०८ | २०३२ | २८४६५ | २०४५ |
| गोलभेंडा | २५०१२ | १५१८ | २५२७७ | १५५१ | २०३७२ | १५५७ | १६८८४ | १०८६ |

स्रोतः भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय २०७९

तालिका २३: गण्डकी प्रदेशमा फलफूलवाली उत्पादन (मेट्रिक टन तथा हेक्टर)

| तरकारीको प्रकार | ०७५/७६ | | ०७६/७७ | | ०७७/७८ | | ०७८/७९ | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र | उत्पादन | खेती गरिएको क्षेत्र |
| सुन्तला | ५२४७८ | ४९८० | ३९२२६ | ३५३४ | ५५००७ | ५२४९ | ५८५५५ | ५५५३ |
| आँप | ५८६३ | ९८५ | ४२९८ | ६०४ | ६२०७ | ९७२ | ० | ९८८ |
| स्याउ | ७४५० | ६३२ | ६७९२ | ५९३ | ७६६२ | ७६१ | ८१२१ | ७९० |
| केरा | २२९०५ | १७०५ | १९६९६ | १३३० | ३०२९७ | १७७६ | १५६१४ | १४१८ |

स्रोतः भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय २०७९

तालिका २४: गण्डकी प्रदेशमा भू उपयोगको स्थिति

| भूउपयोगको प्रकार | क्षेत्रफल वर्ग किमि | प्रतिशत |
|---|---|---|
| कृषि भूमि | ३१११.५२ | १४.१३ |
| खालि भूमि | ३८९२.५१ | १७.६८ |
| वन क्षेत्र | ७४३९.९६ | ३३.७९ |
| तृण भूमि | १९२१.५४ | ८.७३ |
| आवास क्षेत्र | १३८.४० | ०.६३ |
| झाडि भूमि | १७१९.९४ | ७.८१ |
| हिम क्षेत्र | ३६८२.१४ | १६.७३ |
| जलक्षेत्र | १०९.०० | ०.५० |
| जम्मा | २२०१५.०१ | १०० |

स्रोतः भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय २०७९

### तालिका २५: प्रदेशगत वन क्षेत्रको स्थिती

| प्रदेश | प्रदेशको कूल क्षेत्रफल (हेक्टर) | वन क्षेत्र (हेक्टर) | नेपालको कुल वन क्षेत्रको हिस्सा (प्रतिशत) | प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| प्रदेश एक | २५९०५०० | ११३४२५० | १७.१६ | ४३.७८ |
| मधेश | ९६६१०० | २६३६३० | ३.९९ | २७.२९ |
| वागमती | २०३०००० | १०९०८८० | १६.५० | ५३.७४ |
| गण्डकी | २१५०४०० | ८१७२९० | १२.३६ | ३८.०१ |
| लुम्बिनी | २२२८८०० | ९७४३८० | १४.७४ | ४३.७२ |
| कर्णाली | २७९८४०० | ११८३४०० | १७.९० | ४२.२९ |
| सुदुर पश्चिम | १९८७४०० | ११४६११० | १७.३४ | ५७.६७ |
| **जम्मा** | **१४७५१६००** | **६६०९९४०** | **१००.००** | **४३.७८** |

स्रोतः वन तथा वातावरण मन्त्रालय २०७८

### तालिका २६: गण्डकी प्रदेश भएर वग्ने महत्वपूर्ण नदि र जलाधार क्षेत्र

| नदि/नदि क्षेत्र | लम्वाई (किलोमीटर) | जलाधार क्षेत्र | |
|---|---|---|---|
| | | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
| कालिगण्डकी (माथिल्लो मुस्ताङ देखि देवघाट सम्म) | 381.58 | 9568.34 | 43.46 |
| मोदि (अन्नपूर्ण क्षेत्रदेखि कुश्मासम्म) | 57.61 | 675.7 | 3.07 |
| सेति (अन्नपूर्ण / माछापुच्छ्रे देखि गाईघाट सम्म) | 150.34 | 1827.38 | 8.30 |
| मादी (अन्नपूर्ण / कुफुचे तालक्षेत्र देखि दमौली सम्म) | 84.36 | 1123.61 | 5.10 |
| मर्स्याङदी (उपल्लो मनाङ देखि मुग्लिन सम्म) | 176.14 | 4186.79 | 19.02 |
| दरौंदी (गोरखा मनासलु देखि आवु खैरहनी सम्म) | 64.72 | 610.84 | 2.77 |
| वुढि (गण्डकी गोरखा लार्के क्षेत्र देखि बेनिघाट सम्म) | 147.58 | 2719.67 | 12.35 |
| नारायणि (देवघाट देखि त्रिवेणि सम्म) | 89.69 | 1139.67 | 5.18 |
| त्रिशुली (बेनिघाट देखि देवघाट सम्म) | 67.78 | 163.02 | 0.74 |
| **जम्मा** | **1219.8** | **22015.02** | **100.00** |

तालिका २७: विद्युतमा पहुँच हुने प्रदेशगत जनसँख्या

| उद्योगको प्रकार | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ |
|---|---|---|---|---|
| प्रदेश एक | ७५.९० | ८६.३० | ८२.४३ | ९६.९५ |
| मधेश | ७९.७७ | ८७.२५ | ९९.०५ | ९९.६६ |
| वागमती | ९०.३० | ९५.८३ | ९४.४४ | ९५.९१ |
| **गण्डकी** | **८७.३९** | **८७.४८** | **९२.७९** | **९५.६८** |
| लुम्वीनी | ८१.०३ | ८९.०७ | ९१.०० | ९४.९१ |
| कर्णाली | २७.०३ | २७.७४ | ३४.७५ | ४३.८७ |
| सुदुर पश्चिम | ५८.९० | ६७.३३ | ६४.६९ | ७१.०७ |
| **नेपाल (वैकल्पिक उर्जा सहित)** | **८८.००** | **९०.००** | **९३.००** | **९४.००** |

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०७८

तालिका २८: गण्डकी प्रदेशमा सिचाईं सुविधाको उपलब्धता

| विवरण | ०७७/७८ | ०८०/८१ सम्मको लक्ष्य | २०८७ सम्मको लक्ष्य |
|---|---|---|---|
| कुल खेति गरिएको जमिन (हजार हे) | ३७० | ३७५ | ३९० |
| वर्षभरी सिचाईं सुविधा पुगेको (%) | ४६.०० | ५५.०० | ६५.०० |
| वालि लगाईएको जमिन (%) | ७६.०० | ७७.०० | ८०.०० |

स्रोतः गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना र दिगो विकास लक्ष्य, २०७८

तालिका २९: खानेपानीसँग सम्बन्धित दिगो विकास लक्ष्यका परिमाणात्मक सुचकहरू

| विवरण | गण्डकी | | |
|---|---|---|---|
| | २०७२ | २०८० | २०८७ |
| धाराको पानीमा पहुँच भएको परिवार (%) | ५० | ६५ | ९० |
| आधारभुत खानेपानीको विस्तार (%) | ९१.१० | १००.०० | १००.०० |
| आधुनिक सरसफाई सुविधा एकल रुपमा प्रयोग गर्ने परिवार (%) | ७३.६० | ८५.०० | ९९.०० |
| सौचालय प्रयोग गर्ने जनसँख्या | ८१.४० | ९२.०० | ९९.०० |

स्रोतः गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना र दिगो विकास लक्ष्य, २०७८

तालिका ३०: बैंक तथा वित्तीय संस्थाहरूको उपलब्धता

| बैंक तथा वित्तीय संस्थाको किसिम | सँख्या |
| --- | --- |
| क' वर्ग | ५८७ |
| ख' वर्ग | १८५ |
| ग' वर्ग | ३५ |
| घ' वर्ग | ५८८ |
| कूल (क+ ख+ ग) | ८०७ |
| कूल (क+ ख+ ग+ घ) | १३९५ |

स्रोतः नेरा बैंक ६७ औं वार्षिकोत्सव विशेषाङ्क २०७९

तालिका ३१: आ.व. ०७८/७९ सम्मको क्षेत्रगत कर्जा प्रवाह (रु हजारमा)

| कर्जा शिर्षक | रकम रु |
| --- | --- |
| लघु घरेलु तथा साना व्यवसाय कर्जा | ४७७३०० |
| साना पर्यटन व्यवसाय कर्जा | ५७५५९० |
| साना यातायात व्यवसाय कर्जा | ७४९५० |
| साना सेवा व्यवसाय कर्जा | १६४८१० |
| जम्मा | १२९२६५० |

स्रोतः नेरा बैंक ६७ औं वार्षिकोत्सव विशेषाङ्क २०७९

तालिका ३२: जिल्लागत कर्जा प्रवाहको स्थिती

| जिल्लाको नाम | कर्जा सँख्या | कर्जा सँख्या (%) |
| --- | --- | --- |
| गोरखा | ३९ | 2.78 |
| मनाङ | २३ | 1.64 |
| मुस्ताङ | ७२ | 5.14 |
| म्याग्दि | ८७ | 6.21 |
| कास्की | ७०३ | 50.18 |
| लमजुङ | ५१ | 3.64 |
| तनहुँ | १४२ | 10.14 |
| नवलपरासी (वर्दघाट पुर्व) | ८४ | 6.00 |
| स्याङजा | ६६ | 4.71 |
| पर्वत | ४३ | 3.07 |
| वाग्लुङ | ९१ | 6.50 |
| **जम्मा** | **१४०१** | **100.00** |

स्रोतः नेरा बैंक ६७ औं वार्षिकोत्सव विशेषाङ्क २०७९

तालिका ३३: गण्डकी प्रदेश भित्र प्रादेशिक सडकहरूको लम्वाई (किलोमिटर)

| सडकको प्रकार | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९* | ०७९/८० |
|---|---|---|---|---|---|
| कालोपत्रे | 52.23 | 65.16 | 211.9 | 55.36 | |
| ग्राभेल | 113.28 | 138.43 | 152.27 | 154.98 | |
| कच्चि | 93.64 | 71.67 | 88.76 | 27.14 | |
| * प्रथम आठ महिनाको मात्र | | | | | |

स्रोत: गण्डकी प्रदेशको आर्थिक सर्भेक्षण ०७८/७९

तालिका ३४: स्थानीय सडकहरूको लम्वाई (किलोमिटर)

| आर्थिक वर्ष | कच्ची सडक | ग्रावेल सडक | कालोपत्रे सडक | जम्मा सडक |
|---|---|---|---|---|
| ०७६/७७ | ९३७० | १३५१ | ५७७ | ११२९८ |
| ०७७/७८ | ९५९६ | १२५२ | ६४६ | ११४९४ |
| ०७८/७९ | ९६३२ | १२५८ | ६८० | ११५७० |

स्रोत: गण्डकी प्रदेशको आर्थिक सर्भेक्षण ०७८/७९

तालिका ३५: गण्डकी प्रदेशका जिल्लाहरूमा विभिन्न प्रकारका सडकको लम्वाई (किलोमिटर)

| जिल्ला | कच्ची | ग्रावेल | कालोपत्रे | जम्मा |
|---|---|---|---|---|
| कास्की | 1138.13 | 183 | 334 | 1655.1 |
| नवलपुर | 730 | 140 | 411 | 1281 |
| तनहुँ | 132 | 52 | 131 | 315 |
| गोरखा | 378 | 67 | 91 | 536 |
| लमजुङ | 624 | 105 | 33 | 762 |
| स्याङजा | 501 | 28 | 229 | 758 |
| मनाङ | २९ | ० | ० | 29.4 |
| पर्वत | ८८०.९१ | ६० | ६३ | 1004.2 |
| म्याग्दि | ५०० | ० | ९ | 509 |
| वाग्लुङ | २१७ | ५० | १०५ | 372 |
| मुस्ताङ | ९१ | १३० | ११ | 232 |

स्रोत: गण्डकी प्रदेशको आर्थिक सर्भेक्षण ०७८/७९

# अनुसूचि दुईः मस्यौदा प्रतिवेदन छलफलका तस्बिरहरु





